# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ ३ गते २०५८ साल (अतिरिक्तांक ६१


## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको अध्यादेश नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### आर्थिक ऐन,२०५८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: आर्थिक ऐन,२०५८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "आर्थिक (पहिलो संशोधन) अध्यादेश, २०५८" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक ऐन, २०५८ को दफा ४ मा संशोधन: आर्थिक ऐन, २०५८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. कृषि सुधार शुल्क : अनुसूची-१ को दफा १८ मा उल्लिखित मालवस्तु पैठारी हुंदा पैठारी मूल्यमा धान चामलको हकमा दश प्रतिशत र सोदेखि बाहेक अन्य मालवस्तुको हकमा पाँच प्रतिशतका दरले कृषि सुधार शुल्क लगाई असुल उपर गरिनेछ ।

तर त्यस्ता मालवस्तुहरुको पैठारी हुंदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।"

३. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :-

"१८. विशेष शुल्क : (१) विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरुमा भन्सार प्रयोजनको लागि कायम भएको मूल्यमा देहायका दरले हुने रकम विशेष शुल्क वापत भन्सार विन्दुमै लगाई असुल उपर गरिनेछ :-

(क) भन्सार महसुल दरबन्दीमा पाँच प्रतिशत महसुल लाग्ने उल्लेख भएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालवस्तुमा मालको एक प्रतिशत र भन्सार महसुल दरबन्दीमा दश प्रतिशत वा सो भन्दा बढी महसुल लाग्ने उल्लेख भएका मालवस्तुमा मोलको तीन प्रतिशत ।

तर,-

(१) पच्चीस प्रतिशत भन्दा बढी भन्सार महसुल लाग्ने भाग ८७ अन्तर्गतका सवारी साधनहरुको मूल्यमा दश प्रतिशतले विशेष शुल्क लाग्नेछ ।

(२) साढे तीन प्रतिशत वा सो भन्दा कम भन्सार महसुल असुल हुने मालवस्तुको हकमा विशेष शुल्क लाग्ने छैन ।

(ख) पेट्रोल, डिजेल र मट्टितेल बाहेक परिमाणात्मक दरमा भन्सार महसुल लाग्ने अन्य मालवस्तुमा मोलको तीन प्रतिशत ।

(ग) पेट्रोल, डिजेल र मट्टितेलमा प्रति लिटर एक रुपैयाँ ।

(२) व्यक्ति, दर्पाप्ति वा परिवार, संगठित संस्था, कम्पनी, साझेदारी फर्म तथा अस्थायी वासिन्दालाई तिनीहरुको आयकर प्रयोजनको लागि कायम हुने खुद आयमा तीन प्रतिशतका दरले हुने रकम विशेष शुल्क लगाई आयकर असुल गर्दा कै समयमा असुल उपर गरिनेछ । अनुसूची-६ को दफा १० बमोजिम चालू आर्थिक वर्षको अग्रिम कर किस्तावन्दीमा बुझाउँदा यो शुल्क समेत अग्रिम किस्ताबन्दीको रुपमा बुझाउनु पर्नेछ ।

तर अनुसूची-६ को दफा १ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम मात्र आयकर लाग्ने र सोही अनुसूचीको दफा १५ बमोजिम आयकर लाग्ने साना करदातालाई यस्तो शुल्क लाग्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) अनुसार तिर्नु पर्ने विशेष शुल्क एक आपसमा मिलान गर्न पाइने छैन।"

४. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ मा रहेका "दश प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

५. मूल ऐनको अनुसूचीहरुमा संशोधन : मूल ऐनको,-

(१) अनुसूची - १ को,-

(क) दफा ९ को उपदफा (२) को आठौं हरफमा रहेका "फुकुवाको लागि" भन्ने शब्दहरु पछि "तोकिएको कार्यालयमा" भन्ने शब्दहरु थपिएका छन र सोही उपदफाको नवौं हरफमा रहेका "सम्बन्धित भन्सार कार्यालयले" भन्ने शब्दहरुको सट्टा "तोकिएको भन्सार कार्यालयले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) दफा ९ पछि देहायको दफा ९क. थपिएकोछ :-

"९क. पुराना बैंक ग्यारेण्टी फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था : आ.व. ०५७।५८ र सो भन्दा पहिलेका आ.व. हरुमा बैंक ग्यारेण्टीमा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गरी त्यसबाट तयारी वस्तु उत्पादन गरी प्रतितपत्र वा प्रचलित बैकिंग कागजातको माध्यमबाट आर्थिक ऐन, २०५७ वा सो भन्दा अघिका आर्थिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐनहरुले निर्धारित गरेको अवधि नघाई वा ननघाई निकासी गरी सकेका उद्योगहरुले राखेको बैंक ग्यारेण्टी सम्बन्धमा देहाय बमोजिम गरी फछ्र्यौट गरिनेछ :-

(क) विगत आ.व. का आर्थिक ऐनहरुद्वारा निर्धारित अवधि भित्रै निकासी गरी विदेशी मुद्रा आर्जन गरेको प्रमाण र निकासीको प्रमाण समेत राखी फुकुवाको लागि निवेदन गरिसकेका वा यो अध्यादेश प्रारम्भ भएको दुई महिनाभित्र निवेदन गरेमा त्यस्ता बैंक ग्यारेण्टीहरु विगत वर्षका आर्थिक ऐनहरुले तोकेको प्रकृया पुरा भए सरह मानी कुनै महसुल, कर तथा थप महसुल नलिई बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(ख) विगतका आर्थिक ऐनहरुले निकासी गर्न निर्धारित गरेको अवधि नाघेको तर यो अध्यादेश प्रारम्भ हुनु पूर्व निकासी भैसकेकाको हकमा पैठारी भएको दिनमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट दिइनेछ । यस्तोमा थप महसुल लाग्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(ग) बैंक ग्यारेण्टी सुविधामा कच्चापदार्थ वा सहायक कच्चापदार्थ पैठारी गरी सोबाट निर्मित वस्तु यो अध्यादेश प्रारम्भ भएको मितिसम्म पनि निकासी भै नसकेकाको हकमा बैंक ग्यारेण्टी जफत गरी सम्बन्धित आर्थिक ऐन बमोजिम लाग्ने सम्पूर्ण कर, महसुल तथा थप महसुल समेत असुल गरिनेछ । बैंक ग्यारेण्टीबाट असुल नहुने भएमा त्यस्ता उद्योगबाट सो रकम सरकारी बांकी सरह असुल उपर गरिनेछ ।"

(ग) दफा १० को,-

(१) उपदफा (३) मा रहेका "१० महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "१२ महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेश मै बिक्री गरेको प्रमाण, बैंकद्वारा प्रमाणित विदेशीमुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालसामान निकासी भएको भए सोवापत मालसामान पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिएको ढांचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि "उपदफा (३) को अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा निवेदन गर्नुपर्नेछ ।"

(घ) दफा १४ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "२०५८ साल पौष मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा " २०५८ साल फाल्गुण मसान्तसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(ङ०) दफा १५ को उपदफा (८) को सट्टामा देहायको उपदफा (८) राखिएकोछ :-

"(८) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा वाह्य कारणले राम्रोसंग चल्न नसकी ठूलो नोक्सानी व्यहोर्नु परेका उद्योगहरुको प्रवर्द्धन तथा सुधारको लागि श्री ५ को सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रुग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिशमा त्यस्ता रुग्ण उद्योगहरुको पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी र पार्टपूर्जामा १ प्रतिशत मात्र भन्सार महशुल लाग्नेछ ।"

(२) अनुसूची -२ को ,-

(क) शीर्षक १५.०७ र १५.११ का सबै उपशीर्षकहरु, उपशीर्षकहरु १५१३.२१.०० र १५१३.२९.०० तथा शीर्षक १५.१६ र १५.१७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत पर्ने सबै उपशीर्षकहरुको दर महलमा रहेको "५%" को सट्टा "१०%" राखिएको छ ।

(ख) शीर्षक २८.१७ अन्तर्गत दर महलमा रहेको "३%" को सट्टा "६%" राखिएको छ।

(ग) शीर्षक ५४.०२ र सो अन्तर्गतका सबै उपशीर्षकहरु तथा ती अन्तर्गतका माल वा वस्तुको नाम, दर हटाई सोको सट्टा शीर्षक ५४.०२ कायम राखी माल वा वस्तुको नाम महलमा टेक्स्चराइज्ड यार्न र दर महलमा २% राखिएको छ ।

(घ) शीर्षक ५४.०२ पछि शीर्षक ५५.०९ थप गरी सो शीर्षकको माल वा वस्तुको नाम महलमा एकेलिक विभिङ्ग यार्न र दर महलमा २% राखिएको छ ।

(ङ०)शीर्षक ७३.०७ पछि शीर्षक ७४.०३ थप गरी सो शीर्षकको माल वा वस्तुको नाम महलमा तामाको क्याथोड्स, तारका लाप्साहरु, विलेटहरु र दर महलमा ६% राखिएको छ ।

(च) शीर्षक ७४.०८ अन्तर्गतका सबै उपशीर्षकहरुको दर महलमा रहेको "३%" को सट्टा "६%" राखिएको छ ।

(छ) शीर्षक ७४.०८ पछि शीर्षक ७४.०९ थप गरी सो शीर्षकको माल वा वस्तुको नाम महलमा तामाको पाता, चादर तथा स्ट्रीपहरु र दर महलमा ६% राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनुसूची-३ को दफा १ मा उल्लिखित अन्त:शुल्कको दरको देहायका क्र.सं., हार्मोनाइज्ड वर्गिकरण भाग, अन्त:शुल्क संकेत नं., वस्तुको विवरण, इकाई र अन्त:शुल्क दरमा देहाय बमोजिम संशोधन तथा थप गरिएका छन् :-

| क्र. सं. | हार्मोनाईज्ड वर्गीकरण भाग | अन्त:शुल्क संकेत नं. | वस्तुको विवरण | इकाई | अन्त:शुल्क दर |
|---|---|---|---|---|---|
| २ | २१ | २१०० | कत्था, चुना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | प्रति किलो | रु. १७५।- |
| ३ | २२ | २२०१ | फलफुलबाट बनाइने १७ प्रतिशतसम्म अल्कोहल भएका वाइनहरु | प्रति लिटर | रु. ७५।- |
| | | २२०२ | सेम्पेन, सेरी, मिड, पेरी | प्रति लिटर | रु. १३०।- |
| | | २२०३ | १७ प्रतिशत भन्दा बढी अल्कोहल भएका वाइन, कक्टेल, लिकर तथा फर्मेण्टेड मदिराहरु | प्रति लिटर | रु. १३०।- |
| | | २२०५ | बीयर | प्रति लिटर | रु. ३८।- |
| | | २२११ | मदिरा | | |
| | | | (क) ४० यु.पी. शक्ति भन्दा कम यु.पी शक्तिको | प्रति एल.पी.लि | रु. २७५।- |
| | | | (ख) ४० यू.पी. शक्ति र सो भन्दा बढी ६५ यु.पी शक्ति भन्दा कम यु.पी. शक्ति सम्मको | प्रति एल.पी.लि | रु. १६०।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

522

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (ग) ६५ यु.पी. शक्ति र सो भन्दा वढी यु.पी. शक्तिको | प्रति एल.पी.लि. | रु. ४७।- |
| | | २२१२ | अल्कोहल रहित सबै किसिमका हल्का पेय पदार्थहरु | प्रति लिटर | रु. २।- |
| | | २२१३ | मिनरल वाटर | प्रति लिटर | रु. १।- |
| ४ | २४ | २४०१ | चूरोट (सुर्तीबाट तयार भएको सबै प्रकारका चुरोट) | | |
| | | | (१) ७० मि.मि. सम्मको लम्बाईमा | | |
| | | | (क) फिल्टर नभएको | प्रति एम | रु. ११५।- |
| | | | (ख) फिल्टर भएको | प्रति एम | रु. ३००।- |
| | | | (२) ७० भन्दा वढी ७५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | प्रति एम | रु.३८५।- |
| | | | (३) ७५ भन्दा वढी ८५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | प्रति एम | रु. ५२५।- |
| | | | (४) ८५ मि.मि. भन्दा वढी लम्वाइमा (फिल्टर भएको) | प्रति एम | रु. ७१०।- |
| | | २४०२ | सबै प्रकारका सिगार | प्रति खिल्ली | रु. २।५० |
| | | २४०३ | पाइप सुर्ति | प्रति कि.ग्राम | रु. ३६५।- |
| | | २४०४ | सूर्तीवाट तयार भएको सबै प्रकारको जर्दा र खैनी | प्रति कि.ग्राम | रु. १७५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | | २४०५ | चुना मिलाई खाने प्याकिंग गरिएको कोरा सुर्ति | प्रति कि.ग्राम | रु. १०५।- |
| ५ | २५ | २५०१ | सबै प्रकारको सिमेण्ट | प्रति मे.टन | रु. १०५।- |
| ७ | ६९ | ६९०१ | सबै प्रकारको इटाहरु (आन्तरिक उत्पादन बाहेक) | प्रति हजार | रु. ५२५।- |

(४) अनुसूची-६ को,-

(क) दफा ४२ को उपदफा (१) मा रहेका "२०५८ पौषभित्र" भन्ने शब्दहरुको सट्टा "२०५८ माघभित्र" भन्ने शब्दहरु राखिएका छन् र सोही उपदफाको अन्त्यमा देहायको वाक्यांश थपिएकोछ :-

" यस्तो घोषित आय उपयोग गर्न, लगानी गर्न, बेचबिखन गर्न तथा प्रचलित नेपाल कानून बमोजिम कारोवार गरी आय आर्जन गर्नका लागि अन्य कुनै प्रचलित नेपाल कानूनले बाधा पर्ने छैन ।"

(ख) दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ :-

" औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा वाह्य कारणले राम्रोसंग चल्न नसकी ठूलो नोक्सानी व्यहोर्नु परेका उद्योगहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रवर्द्धन तथा सुधारको लागि श्री ५ को सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रुग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिशमा तिनीहरुले तिर्नु पर्ने कर बक्यौता रकम २०५९ आसार भित्र चुक्ता गरेमा लागेको जरिवाना तथा शुल्क मिनाहा गरिनेछ । "

**आज्ञाले,**
**उदय नेपाली श्रेष्ठ**
**श्री ५ को सरकारको सचिव**

लालमोहर सदर मिति:- २०५८।१०।३।४

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।